"प्राकृतिक स्रोत र सम्पदाको खानी सुखी र समृद्ध हाम्रो तातोपानी"

# तातोपानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लिताकोट, जुम्ला

कर्णाली प्रदेश नेपाल

पत्र संख्या:२०८२।०८३ मिति-२०८३।०१।१५

## कृषि जैविक विविधता तथा सामुदायिक बीउ बैंक सुदृढिकरण कार्यक्रमका लागि प्रताव आव्हान सम्बन्धि सूचना

दोस्रो पटक प्रकाशित मिति: २०८३।०१।१५

यस तातोपानी गाउँपालिका कृषि विकास शाखाको आ.व.२०८२।०८३ को बार्षिक स्वीकृत संघीय सशर्त अनुदान अन्तर्गत "कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बीउ बैंक सुदृढिकरण" कार्यक्रम संचालनका लागी तपसिल बमोजिमका क्रियाकलापहरु संचालन गर्नुपर्ने भएकोले "प्रदेश तथा स्थानीय तहमा हस्तान्तरित कार्यक्रम सन्चालन कार्यविधि २०८२" बमोजिम मापदन्ड पुरा गरेका यस गाउँपालिका भित्रका ईच्छुक लक्षित वर्ग कृषक समूह, कृषि सहकारी तथा सामुदायिक बीउ बैंकहरु बाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशन गरिएको छ। यो सूचना दोस्रो पटक प्रकाशन भएको मितिले सात (७) दिन (मिति २०८३।०१।२१ गते) भित्र कार्यालय समयमा तपसिल अनुसारका आवश्यक कागजातहरु संलग्न राखि आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ।साथै रित नपुगेका वा म्याद नाघि प्राप्त भएका प्रस्तावहरु माथि कुनै कार्वाहि नहुने व्यहोरा समेत जानकारी गराईन्छ। यस सम्बन्धि थप जानकारीका लागि ९८४८३१३०११ वा ९८६८००१३६७ वा ९८६८३५६४३२ मा सम्पर्क गर्न सकिनेछ ।

तपसिल

| क.स | क्रियाकलापहरु | कैफियत |
|---|---|---|
| १ | सामुदायिक बीउ बैंक सुदृधिकरण सहकारी स्तर | "प्रदेश तथा स्थानीय तहमा हस्तान्तरित कार्यक्रम सन्चालन कार्यविधि २०८२" बमोजिम हुने |
| २ | कृषि जैविक विविधत प्रदर्शनी स्थल निर्माण | |
| ३ | विविधतायुक्त बीउ पोका वितरण (रैथाने बालीको) | |

आवश्यक कागजातहरु

१. अनुसूचि २ बमोजिम निवेदन,, कार्यक्रमको प्रस्ताव, कार्यक्रम संचालनका लागी प्रतिबद्धता पत्र

३. **कृषि समूह** हकमा । निर्णयको माईन्युट, समुह दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि, खेती गर्ने जग्गाको लालपुर्जाको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, स्थाई लेखा नम्बर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र सम्बन्धित वडाको सिफारिस।

४. **कृषि सहकारी**को हकमा (निर्णयको माईन्युट, सहकारी दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि, खेती गर्ने जग्गाको लालपुर्जाको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, स्थाई लेखा नम्बर दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाणपत्र को प्रतिलिपि, गत आ.व को लेखा परिक्षण प्रतिवेदन फोटोकपी र सम्बन्धित वडाको सिफारिस)

५. **सामुदायिक बिउ बैकको** हकमा (निर्णयको माईन्युट, सहकारी दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि, खेती गर्ने जग्गाको लालपुर्जाको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, स्थाई लेखा नम्बर दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाणपत्र को प्रतिलिपि गत आ.व को लेखा परिक्षण प्रतिवेदन फोटोकपी, सम्बन्धित वडाको सिफारिस र फोटोहरु)

प्रमुख प्रसाशकीय अधिकृत
ओम बहादुर चन्द